"समुन्नत विहादी, सम्मानित विहादीवासी"

# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकोटाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या ०८३/८४
चलानी नं. :-
मिति :-

**सूचना नं. : ३२**

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना ।**

**प्रथम पटक प्रकाशित मिति २०८३।०५।२५ गते**

विहादी गाँउपालिका तथा अन्तर्गतका कार्यालयहरुमा कार्य गर्ने गरि देहायका पदमा कर्मचारी आवश्यक परेको हुँदा खुला प्रतिस्पर्धा मार्फत सेवा करारमा कर्मचारी लिनुपर्ने भएकोले योग्यता पुगेका उम्मेदवारहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र दरखास्त फाराम भरि राजश्व तिरेको रसिद सहित यस गाउँ कार्यपालिकाको कार्यालयमा कार्यालय समय भित्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह/श्रेणी | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०१-०८३/८४ | प.हे.न. | पाँचौं | १ | |
| २ | ०२-०८३/८४ | कार्यालय सहयोगी | श्रेणीविहिन | १ | शालिग्राम स्वास्थ्य चौकी |

१. योग्यता :
   क. नेपाली नागरिक हुनुपर्ने छ ।
   ख. न्यूनतम शैक्षिक योग्यता :
   - प.हे.न.:- मान्यता प्राप्त शिक्षण संस्थाबाट प.हे.न. वा नर्सिङ्ग विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरि सम्बन्धित काउन्सिलमा दर्ता भएको ।
   - कार्यालय सहयोगी:- कक्षा १० उत्तीर्ण गरेको ।

   ग. सम्वन्धित क्षेत्रमा अनुभव भएकालाई प्राथमिकता दिईनेछ ।
   घ. उमेर हद : गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ ले तोके बमोजिम ।
   ङ. प्रचलित कानूनद्वारा अयोग्य नभएको हुनु पर्नेछ ।

२. दरखास्त दिने विधिः योग्यता पुगेका ईच्छुक उमेदवारहरूले यस गाउँ कार्यपालिकाको कार्यालयमा उपस्थित भई दरखास्त फाराम भरि आवश्यक कागजात सहित प्रशासन शाखामा बुझाउन सकिनेछ वा सम्पूर्ण कागजातहरु संलग्न गरि गाउँपालिकाको ईमेल bihadi.ruralmun@gmail.com मार्फत पेश गर्न सकिनेछ । दरखास्त फाराम यस गाउँ कार्यपालिकाको कार्यालय तथा वेवसाईट https://bihadimun.gov.np/Karar_Application_Form बाट प्राप्त गर्न सकिने छ । दरखास्त दस्तुर यस गाउँपालिकाको प्रभु बैंक विहादी शाखाको राजश्व खाता नं. १४६०११४९८४६०००४१ मा परीक्षा शुल्क शिर्षकमा दाखिला गरेको बैंक भौचर वा कार्यालयमा नगदै दाखिला गरेको नगदी रसिद समेत दरखास्त फाराम साथ संलग्न गरि पेश गर्नु पर्नेछ ।

३. दरखास्त दस्तुरः
   - प.हे.न. पदको लागि रु. ७०० (सात सय रुपैंया) र कार्यालय सहयोगी पदको लागि रु. ५०० (पाँच सय रुपैंया)

४. दरखास्त दिने अन्तिम मितिः २०८३।०६।०८ गते कार्यालय समय भित्र।

५. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरुः दरखास्त फाराम भरि फाराममा तोकिएको स्थानमा पासपोर्ट साईजको फोटो ३ प्रति टाँस गरि उमेदवारको आवश्यक न्युनतम शैक्षिक योग्यता सम्मका सबै प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र प.हे.न.को हकमा नर्सिङ काउन्सिलमा दर्ता भई नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी ।

६. छनौट प्रकृयाः विहादी गाउँपालिकाको स्विकृत **"विहादी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८०"** अनुरुप छोटो सूची र अन्तर्वार्ता।

७. सेवा सुविधाः सम्बन्धित पदको लागि तोकिए बमोजिम हुनेछ ।

८. छोटो सूची प्रकाशन र अन्तर्वार्ताको मिति अर्को सूचनाद्वारा गाउँपालिकाको वेवसाईट, फेसबुक पेज र सूचना पाटीमा प्रकाशन गरिनेछ।

थमन बहादुर रश्मी
प्रमुख प्रशासकीय अधिकृत